Regd. No.: 392/047/048

# महिला पुनर्स्थापना केन्द्र (ओरेक)
# Women's Rehabilitation Center (WOREC)

मिति : २०७६ चैत्र १९

ओरेक २९ औ वर्ष पूरा भई ३० औ वर्षमा प्रवेश, अहिले बिपदको स्थितिमा मनोविमर्श सेवालाई प्राथमिकता दिने ।

## प्रेस विज्ञप्ति

महिला अधिकार र सामाजिक न्यायको सुनिश्चितताका लागि विभिन्न आरोह अवरोह पार गर्दै, आज महिला पुनर्स्थापना केन्द्र (ओरेक) २९ वर्ष पुरा भई ३० औं वर्षमा प्रवेश गरेको छ । समानतामा आधारित देश, बेचबिखन मुक्त समाज, मानसीक तथा शारीरिक रुपमा स्वस्थ्य ब्यत्तिलहरु रहेको समाजको सपनालाई मूर्त रुप दिन यस संस्थाको बि. सं. २०४७ साल चैत्र १९ गते उदय भएको थियो । महिलाको सामाजिक, राजनैतिक तथा आर्थिक अधिकार तथा सामाजिक न्याय प्राप्तिमा समुदाय, समुदायमा आधारित संघसंस्थाहरु, महिला अधिकारकर्मी, महिला मानव अधिकार रक्षकहरु, समाजमा नेतृत्वदायी तथा सहजीकरण गर्ने व्यक्तित्व, संघसंस्था, संस्थापक सदस्यहरु, संस्थाका सदस्य, कर्मचारीहरु, साझेदार संस्था तथा व्यक्तित्व, सञ्जाल तथा सरोकारवाला र सरकारी निकाय लगायत हामीसँग सहयात्रा र सहयोग गर्दै महिला आन्दोलन तथा महिलावादी नेतृत्व तथा सवाल स्थापना गर्ने अभियानमा सहकार्य गर्दै आज हामीलाई २९ वर्षको यात्रा पुरा गर्न सहयोग पुऱ्याउने सबैप्रति संस्था आभारी छ ।

आफूलाई महिलावादी संस्थाको रुपमा नेपालमा स्थापित गर्न सफल ओरेक महिलावादी मूल्य, मान्यता तथा सिद्धान्तप्रति प्रतिबद्ध रहेको छ । यो सहकार्यमा महिलावादी मान्यता, सिद्धान्त तथा महिलावादी नेतृत्वको स्थापना, प्रवर्द्धन तथा क्षमता अभिवृद्धिका लागि संस्थाले सहजीकरण तथा नेतृत्वदायी भूमिका खेल्दै आइरहेकोमा यसलाई निरन्तरता दिँदै अभियानरत रहने प्रतिवद्धता समेत जनाउँदछौं ।

यसैबीच, हामी गएको डिसेम्बर महिना देखि कोरोना भाइरसको कारण बिश्वव्यापी विपतको अवस्थाको सामना गरिरहेका छौं । अहिलेको यो बिषम परिस्थितीमा मानसिक रुपमा यसबाट हामी सबै नै प्रभावित र जोखिपूर्ण अवस्थामा पनि छौं । अझ बढि जोखिममा भने महिला बालिका, किशोरी, अपांगता भएका व्यक्तिहरु र बृद्धाबृद्धाहरु देखिन्छन् । त्यसमा पनि मजदुरी गरेर जीवन गुजारा गर्ने समुदाय संकटको अवस्थामा रहेको छ । हाल संस्थाले यस संकटको अवस्थामा व्यक्तिहरुमा आएको मानसिक तनाव र त्यसको असरलाई कम गर्नको लागि टेलिफोन मार्फत मनोसामाजिक बिमर्श सेवा दिनको लागि २८ जना मनोबिमर्शकर्ताहरु मार्फत सेवा प्रदान भइरहेको छ ।

महिला तथा किशोरीमाथि हुने हिंसा तथा समस्या र स्वहेरचाह र तनाव व्यवस्थापनका लागि मनोविमर्शकर्ताहरुलाई सम्पर्क गर्न सकिनेछ जसले नेपाली तथा मैथली, भोजपुरी लगताय स्थानीय भाषामा समेत फोन मार्फत मनोविमर्श सेवा दिनुहुनेछ ।

संस्थाले निम्नलिखित जिल्ला र मनोविमर्शकर्तामार्फत सेवा प्रदान गरिरहेको छ ।

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu, Nepal Tel: (+977)-01-2123124; (+977)-01-5186073; (+977)-01-5186374 Fax: (+977)-01-5186271 Email: ics@worecnepal.org URL: www.worecnepal.org

Regd. No.: 392/047/048

# महिला पुनर्स्थापना केन्द्र (ओरेक)
# Women's Rehabilitation Center (WOREC)

| क्रम | परामर्शकर्ताको नाम | जिल्ला | सम्पर्क नं |
|---|---|---|---|
| १ | चन्द्र माया सुनार | काठमाडौं | ९८४७८७६२२८ |
| २ | सबिना रिमाल | काठमाडौं | ९८४९७३४२०३ |
| ३ | कुमारी रुपा कोइराला | काठमाडौं | ९८४२०४८१७५ |
| ४ | जिवन भट्टराई | भक्तपुर | ९८४१६१०१३५ |
| ५ | तोया देवी लिम्बु | मोरंग | ९८४२५७२९५८ |
| ६ | दामन्ती राजबंशी | मोरंग | ९८४२१४१३३२ |
| ७ | पवित्रा कुमारी चौधरी | सुनसरी | ९८६२१७५९६४ |
| ८ | देव कुमारी महरा | सिरहा | ९८४२८४४६५८ |
| ९ | मञ्जु महतो | धनुषा | ९८०१६१७९९० |
| १० | सुजाता शर्मा | धनुषा | ९८४१६२०४९१ |
| ११ | कमला खड्का | उदयपुर | ९८६३८६९६९८ र ९८१५७६९०४९ |
| १२ | तारा राई | उदयपुर | ९८४०४४२२५० |
| १३ | कुमारी मगर | उदयपुर | ९८६३७३९४८९ |
| १४ | जानुका कार्की | उदयपुर | ९८१९७३४३०१ |
| १५ | सुजाता माया मगर | उदयपुर | ९८६९४९५१५० |
| १६ | लिला दियाली | महोत्तरी | ९८४४१७१५५५ |
| १७ | धनी कुमारी गिरी | दांग | ९८४७८२२१८५ |
| १८ | कल्पना चौधरी | दांग | ९८४७८७६२२८ |
| १९ | जयकला चौधरी | कैलाली | ९८४८५५८२०५ |
| २० | आरती कुमारी भगत | महोत्तरी | ९८०३०२९६१९ |
| २१ | कमला खड्का | रुकुम | ९८४४९७६५८१ |
| २२ | नन्दा कुमारी केसी | रुकुम | ९८६६९११७२६ |
| २३ | इन्दिरा आचार्य | रुकुम | ९८४२१३९४१७ |
| २४ | शर्मिला निरौला | बर्दिया | ९८४२८४४५०२/९८५८०३११६८ |
| २५ | बिना कदारी | धनुषा | ९८४४२६१४५८ |
| २६ | सानामाया दनुवार | उदयपुर | ९८२३७७२२३७ |
| २७ | शान्ति पासवान | सिरहा | ९८४२८३६८५८ |
| २८ | दिपा धिताल | दांग | ९८४७८३४६६२ |

यसबाहेक संस्थाका कार्यक्षेत्रहरुमा कोरोना भाइरस, यसबाट सुरक्षित रहने उपाय र स्ववहेरचाहका बारेमा सुचना प्रवाह भईरहेको छ । साथै संस्थाद्वारा संचालित लैङ्गिक विभेदमा आधारित हिंसाका प्रभावितलाई दिइने सुरक्षाबासका सेवालाई निरन्तरता दिइरहेको छ ।

संस्था यहाँसम्म आउन सहयोग गर्नुहुने र संस्थाको अभियानमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहभागी हुनुहुने हाम्रा सम्पूर्ण शुभचिन्तकहरु, महिला आन्दोलनका सहकर्मीज्यूहरु, समुदायमा अनवरत रुपमा अभियानरत सम्पुर्ण आदरणीय व्यक्तित्वहरु, समान अधिकारमा आस्था राख्ने सहयात्रीहरु, नागरिक समाज, सरकारी तथा गैरसरकारी संघसंस्थाहरु, साझेदारी तथा सहयोगी संस्थाहरु सम्पूर्णप्रति हामी हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।

धन्यवाद ।

लुभराज न्यौपाने
कार्यकारी निर्देशक